# प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
## कर्णाली प्रदेश
## वीरेन्द्रनगर, सुर्खेत नेपाल

मा.मन्त्रीज्यू: ०८३-५२५६२२
सचिवज्यू: ०८३-५२२५२६
प्रशासन शाखा: ०८३-५२३०४५
फ्याक्स न.०८३-५२५७७५
Email: moialkarnali@gmail.com


## पत्रकार स्वास्थ्य बीमा सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०८/१८)

कर्णाली प्रदेशको चालू आ.व. २०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम, यस मन्त्रालयको आ.व. २०७५।०७६ को स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम कर्णाली प्रदेशमा क्रियाशील पत्रकारहरुलाई व्यवसायिक तथा उत्प्रेरित बनाई पत्रकारिता पेशामा दिगोपना ल्याउन गर्न तथा कार्यस्थलमा पत्रकारहरुको दुर्घटना जोखिम न्यूनिकरण गर्न तयार गरिएको पत्रकार स्वास्थ्य बीमा कार्यक्रम संचालन कार्यविधि, २०७५ बमोजिम पत्रकार स्वास्थ्य बीमा कार्यक्रम संचालन गरिने भएकोले यस कार्यक्रममा आवद्ध हुन चाहने पत्रकारले यो सूचना प्रकाशित भएको मितिले १५ दिने भित्र यस प्रदेश स्थित पत्रकार महासंघ र जिल्ला शाखा कार्यालय मार्फत निम्न बमोजिमका कागजात प्रमाण सहित तोकिएको ढांचामा निवेदन दिनुहुन र तोकिएको समयावधि १५ दिन सकिएको भोलिपल्ट प्रदेश पत्रकार महासंघले कार्यक्रममा आवद्ध हुन इच्छुक भै निवेदन दिने पत्रकारको निवेदन लगायतका कागजात र सिफारिस सहित यस मन्त्रलयमा पत्राचार गर्नु हुन सूचित गरिन्छ । यस किसिमको पत्रकार बीमा सुविधा अन्य सरकारीस्तरबाटै उपलब्ध गराईएको भएमा पुन: यस्तो बीमा सुविधा उपलब्ध नहुने र चालु आ.व. मा सम्वन्धित शिर्षकमा विनियोजित बजेटबाट बजेटको सीमा भित्र रही कार्यक्रम संचालन गरिने हुंदा बीमा कार्यक्रममा सहभागी गराउने/नगराउने अन्तिम निर्णय मन्त्रालयबाट हुने व्यहोरा समेत अनुरोध गरिएको छ ।

उप-सचिव

**निम्न**

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी २/२ प्रति,
२. पासपोर्ट साइजको २ प्रति रंगिन फोटो,
३. नेपाल पत्रकार महासंघको सदस्यता प्राप्त गरेको प्रमाणको प्रतिलिपी,
४. कर्णाली प्रदेशका कार्यरत रहेको व्यहोरा पत्रकार महासंघको सिफारिस पत्र,
५. सूचना विभागबाट जारी गरिएको प्रेस पास वा परिचय पत्र ।

यस सम्वन्धी विस्तृत विवरण कार्यालय समयमा मन्त्रालयमा सम्पर्क राख्नु हुन वा मन्त्रालको फोन नं ०८३-५२३०४५ मा वा यस मन्त्रालयका सूचना अधिकारी शाखा अधिकृत श्री हित प्रसाद पौडेलको मो.नं. ९८५११९०५१० मा सम्पर्क राख्नुहुन वा यस मन्त्रालयको Website: www.moial.karnali.gov.np वा कर्णाली प्रदेश पत्रकार महासंघको कार्यालय वा पत्रकार महासंघको अध्यक्ष दुर्गा थापा मो.नं. ९८४८२४६४०७ वा महासचिव दिपेन्द्र शर्मा मो.नं. ९८५८०७७५९९ मा सम्पर्क राखी प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।